**स्वीकृत मिति:२०८१।०९।०४**

................................ इन्स्योरेन्स कम्पनी लिमिटेड

# बंगुर बीमालेख

यस बीमालेखमा उल्लेख भएको बंगुर पालनमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधीनमा रही बीमक ............... ले यो बीमालेख जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "बंगुर बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको बंगुरको पालनका लागि आवश्यक पर्ने संक्रामक रोग विरुद्धको खोप तथा उपचार गरिएको अभिलेख सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्य क्षेत्र रहेको पशु सेवासँग सम्बन्धित निकाय सम्झनु पर्छ।

(घ) "क्वारेन्टाईन" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ।

(ङ) "दावी" भन्नाले बीमा गरिएको बंगुरको क्षति वापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(छ) "पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम दर्तावाल वा इजाजतपत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्छ।

(ज) "प्राविधिक" भन्नाले एस.ई.ई/एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) "प्राविधिक जाँच सिफारिस" भन्नाले बीमा गर्न प्रस्तावित बंगुर बीमायोग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा जाँच गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "बंगुर" भन्नाले यस बीमालेखमा उल्लेख भएको मासु उत्पादन वा प्रजनन प्रयोजनका लागि प्रयोग गरिने स्थानीय सुँगुर तथा उन्नत नश्लका (क्रसब्रीड वा शुद्ध नश्ल) बंगुर वा तिनका पाठा-पाठी वा छतौरा छतौरीलाई सम्झनुपर्छ र सो शब्दले अनुमति लिएर व्यवसायिक प्रयोजनका लागि पालन गरेका घरपालुवा बंदेललाई समेत सम्झनु पर्छ।

(ट) "बाँझोपन" भन्नाले चार पटकसम्म कृतिम गर्भाधारण वा दुईपटक प्राकृतिक गर्भाधारण गर्दा पनि बाली नगएको वा गर्भाधारण नभएको अवस्थालाई सम्झनु पर्छ।

(ठ) "व्यवसायिक बंगुर फार्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई निर्धारित मापदण्ड अनुसार सञ्चालन गरिएको व्यवसायिक फार्मलाई सम्झनु पर्छ।

(ड) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जिवन बीमा कम्पनी सम्झनु पर्छ।

(ढ) "बीमा अवधि" भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ण) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम बंगुरको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(त) "बीमालेख" भन्नाले बीमकले जारी गर्ने बंगुरको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजात सम्झनु पर्छ।

(थ) "बीमाशुल्क" भन्नाले बंगुरको बीमा गरे बापत् प्रतिफलको रुपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रुपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(द) "बीमित" भन्नाले बंगुरको बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ ।

(प) "रक्षावरण" भन्नाले दफा ३ मा उल्लेखित जोखिमको रक्षावरण गरिएको अवस्था सम्झनु पर्छ।

(फ) "सङ्क्रामक रोग" भन्नाले पशु स्वस्थ्य तथा पशुसेवा ऐन, २०५५ को अनुसूचीमा उल्लेखित रोग र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत सम्झनु पर्छ।

(ब) "सङ्केतपट्टा" भन्नाले बीमा गरिएको बंगुरलाई पहिचान गर्ने उद्देश्यले प्राविधिकले लगाई दिने ट्याग, चिप्स, माइक्रो चिप्स, सील, क्यूआर कोड, बारकोड, आर.एफ.आई.डी कोड जस्ता पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह सम्झनु पर्छ।

(भ) "क्षति" भन्नाले दफा ३ मा उल्लेखित जोखिमका कारणले भएको क्षति सम्झनु पर्छ।

(म) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(य) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेखमा भएको क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ।

(र) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले यस बीमालेख बमोजिम बीमक वा क्षति मूल्याङ्कनकर्ताले बंगुर पालनमा आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

## परिच्छेद-२
## रक्षावरण

३. रक्षावरण: यस बीमालेख अन्तर्गत बीमा अवधिभित्र देहायका जोखिमको रक्षावरण हुनेछः-

(क) आगलागी वा अग्निको कारणले भएको क्षति।

(ख) हावाजन्य क्षतिः

(अ) हुरीबतासको कारणले भएको क्षति,

(आ) आँधीबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) जल उत्पन्न तथा मौसमजन्य क्षतिः

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति,

(आ) असिना वा हिउँको कारणले भएको क्षति,

(इ) बाढी तथा डुवानको कारणले भएको क्षति,

(ई) खडेरीको कारणले भएको क्षति,

(उ) तुसारोको कारणले भएको क्षति,

(ऊ) शितलहरको कारणले भएको क्षति।

(घ) भूमिजन्य क्षतिः

(अ) भूकम्पको कारणले भएको क्षति,

(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चट्याङ्गको कारणले भएको क्षति।

(च) रोग तथा किराको कारणले भएको क्षति।

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति।

(ज) जंगली जनावरको आक्रमणबाट भएको क्षति।

४. दुर्घटना बीमा : (१) बीमितले न्यूनतम दुई लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रूपैंया बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्ष भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमाशुल्क लाग्नेछ।

(४) एक वर्ष भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिने बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुनः अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन।

तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै कृषकलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा (४) बमोजिमको अवधिसम्म दुर्घटना बीमा रहनेछ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-१** बमोजिम राख्नु पर्नेछ।

५. बीमाङ्क रकम भुक्तानी गर्नु पर्ने: दुर्घटना बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुवै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुवै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारणबाट हुने बंगुर क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) बंगुर पालनबाट भएको क्षतिको कारणबाट अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायको आदेशमा बंगुर नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट बंगुरमा क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट बंगुरमा क्षति भएमा,

(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(च) नेपाल सरकारद्वारा बंगुरमा लाग्ने संक्रामक रोगलाई महामारीको रुपमा घोषणा गरेको हकमा,

तर घोषणा भएको मिति अगाडि दावी जानकारी प्राप्त भएको हकमा यो व्यवस्था लागु हुने छैन।

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) बीमितले प्रस्ताव फाराममा विवरण उल्लेख गर्दा बंगुरको सम्बन्धमा सत्यतथ्य कुरा लुकाई झुट्ठा विवरण उल्लेख गरेमा वा जोखिम मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई, छिपाई झुट्ठा कुरा उल्लेख गरेमा,

(ख) बीमा गरिएको बंगुर हराएमा वा चोरी भएमा,

(ग) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले बंगुरमा क्षति पुऱ्याएमा,

(घ) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारको रिसइवीपूर्ण व्यवहारको कारणबाट बंगुरमा क्षति भएमा,

(ङ) बंगुरको शरीरमा लगाई राखिएको सङ्केत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा,

(च) कुनै प्रकारको महामारीको प्रकोप भएको भनी अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको बंगुरको उक्त महामारीबाट क्षति भएमा,

(छ) बीमकको स्वीकृत नलिई बीमित बंगुर बिक्री गरी स्वामित्व हस्तान्तरण गरेमा,

(ज) बीमा गरिएको बंगुर जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा।

## परिच्छेद-३
## बीमालेख तथा बीमा सम्बन्धी शर्त

७. प्रस्ताव फाराम बुझाउनु पर्नेः (१) बीमालेख खरिद गर्नु पूर्व बीमितले **अनुसूची-२** बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा **अनुसूची-३** बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित बंगुर प्राविधिक रूपमा पालन योग्य वा बीमा योग्य छ वा छैन भनी दिएको प्राविधिक जाँच सिफारिसपत्र संलग्न गर्नु पर्नेछ।

(३) बंगुर पालन गरिने जग्गा भाडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनीसँग भएको सम्झौता पत्रको प्रतिलिपि बीमा प्रस्ताव फाराम साथ पेश गर्नु पर्नेछ।

८. बीमालेख जारी गर्नेः (१) दफा ७ बमोजिमको प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिसपत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुदान बाहेकको बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. <u>पुनः जाँच परीक्षण तथा निरीक्षण गर्नु पर्नेः</u> दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको बंगुरको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन **अनुसूची-४** बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसँग संलग्न गरी राख्नु पर्नेछ।

१०. <u>बीमालेख रद्द हुने अवस्थाः</u> (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको नपाइएमा,

(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,

(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको पाइएमा,

(घ) बीमा गरेको बंगुरलाई उचित हेरचाह नगरी लापरवाही गरेको पाइएमा,

(ङ) बीमा गरेको बंगुर व्यवसाय त्याग गरेमा,

(च) गैरकानूनी तवरले बीमा गराएमा,

(छ) बीमायोग्य हित कायम नभएमा।

(२) कुनै बीमितले उपदफा (१) बमोजिम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नाको कारण समेत खुलाउनु पर्नेछ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिनभित्र प्राधिकरणमा दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

११. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत बंगुरको बीमा गर्दा एउटा मात्र बीमकमा बीमा गर्नु पर्नेछ।

(२) बीमा गरिएको बंगुरको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो बंगुरको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१२. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको बंगुरको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१३. <u>स्वामित्व परिवर्तन:</u> (१) बीमितले आफूले पालन गरेको बंगुरको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भए पश्चात बीमकले सो कुराको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

१४. <u>बीमालेखको पुनर्स्थापना:</u> बंगुर बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. <u>बीमालेखको अवधि:</u> (१) मासु प्रयोजनको लागि पालन गरिने बंगुरको बीमा अवधि आठ महिनाको हुनेछ र प्रजनन् प्रयोजनको लागि पालन गरिने बंगुरको बीमा अवधि एक वर्षको हुनेछ।

(२) मासु प्रयोजनको लागि पालन गरिने बंगुरको बीमा योग्य उमेर पैंतीस दिन देखि आठ महिनासम्मको हुनेछ र प्रजनन प्रयोजनको लागि पालन गरिने बंगुरको बीमा योग्य उमेर पैंतीस दिन देखि चार वर्ष उमेरसम्म गर्न सकिनेछ।

(३) मासु प्रयोजनका लागि पालन गरिने बंगुरको बीमा तीन महिना भित्र गरि सक्नु पर्नेछ।

(४) बंगुर बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ।

(५) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन ।

(६) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(७) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिनु पर्नेछ।

१६. <u>बीमकको कर्तव्य:</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछ।

(२) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने बंगुर समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(३) बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

(४) बीमकले यस बीमालेख बमोजिम बंगुरको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी अस्वीकार गर्न पाउने छैन।

(५) बीमकले बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) बीमकले बीमितलाई यस बीमालेखसँग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

(७) यस बीमालेख बमोजिम बंगुरको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछ।

(२) बीमक वा सम्बन्धित संस्थाका आधिकारिक प्रतिनिधिलाई बीमितले बीमा गरिएको बंगुरको फार्ममा अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. बीमा गर्न नपाइनेः एउटै खोरमा पालन गरिएको बंगुरको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद-४
## बीमाङ्क तथा बीमाशुल्क

१९. बीमाङ्क निर्धारणः (१) बंगुरको बीमाङ्क निर्धारण **अनुसूची-५** मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ।

(२) मासु प्रयोजनका लागि बीमा गरिने बंगुरको बीमाङ्क निर्धारण **अनुसूची-५क** बमोजिम गर्नु पर्नेछ।

तर बीमाङ्क निर्धारण गर्दा बंगुर ढुवानी खर्च समावेश गर्न पाइने छैन।

(३) प्रजनन प्रयोजनका लागि पालिएको बंगुरको बीमाङ्क निर्धारण **अनुसूची-५ख** बमोजिम गर्नु पर्नेछ।

(४) प्रस्तावकले विदेशबाट आयात गरिएका जातका बंगुरको हकमा विदेशमा पैसा पठाएको प्रमाण, पशु सेवा विभागको आयात सिफारिस पत्र, क्वारेन्टाईन जाँचपास प्रमाणपत्र र बीजक बीमकलाई पेश गर्नु पर्नेछ र बीमकले सोको आधारमा बीमाङ्क निर्धारण गर्नु पर्नेछ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भइसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नु पर्ने बंगुरको संख्या थप गर्नु परेमा त्यसरी थप गरिने बंगुरको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. बीमा शुल्क र गणना : (१) यस बीमालेख बमोजिम जारी हुने बंगुरको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्नेछ।

(२) बीमाशुल्कको गणना **अनुसूची-६** मा उल्लिखित सुत्रलाई आधार मानेर गरिनेछ।

२२. सामूहिक बीमाः (१) बंगुरको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै बंगुरको अभिलेख कायम गर्नु पर्नेछ।

## परिच्छेद-५
## बंगुर बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. बीमितले पालना गर्नु पर्नेः (१) बीमितले बंगुरको बीमा गर्दा देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) आन्तरिक परजीवी विरूद्ध औषधी खुवाउनु पर्ने,

(ख) व्यवसायिक फार्मको संरचना प्राविधिक सिफारिस बमोजिम हुनु पर्ने,

(ग) व्यवसायिक फार्मको हकमा जैविक सुरक्षाका विधिहरु अवलम्बन गरेको हुनु पर्ने।

(२) बीमित बंगुरको देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरेको हुनु पर्नेछः-

(क) एकभन्दा बढी सङ्केतपट्टा लगाईएको हुनुहुँदैन।

(ख) कुनै कारणवश सङ्केकेतपट्टा हराएमा सोको जानकारी तत्काल बीमकलाई दिनु पर्नेछ।

(ग) कुनै बीमकमा गरिएको बीमाको अवधि समाप्त भई सोही बंगुरको बीमा अर्को बीमकमा बीमा गर्दा सोही सङ्केतपट्टालाई नै आधार मानी गर्न सकिनेछ।

(घ) लगाईएको सङ्केतपट्टाको नम्बर नबुझ्ने वा पढ्न नसक्ने भएको खण्डमा मात्र अर्को सङ्केतपट्टा लगाउनु पर्नेछ।

(ङ) राष्ट्रिय निकुञ्ज तथा आरक्ष, संरक्षित क्षेत्रको प्रभाव क्षेत्र भित्र जंगली जनावरको आक्रमणबाट बीमा गरिएको बंगुरको लगाइएको सङ्केतपट्टा वा अवशेष फेला नपरेको हकमा जिल्ला वन कार्यलय वा मातहातको कार्यालय वा निकुञ्ज तथा वन्यजन्तु आरक्षण भएको ठाउँमा निकुञ्ज वा वन्यजन्तु आरक्षणबाट क्षतिपूर्ति नलिएको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

तर, निकुञ्ज बाहेकका क्षेत्रमा सम्बन्धित स्थानीय तहको वडाको सिफारिस पेश गर्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम क्षतिपूर्ति लिएको अवस्थामा क्षतिपूर्ति लिएको रकम कट्टा गरी बाँकी दावी रकम बीमकले भुक्तानी गर्नु पर्नेछ।

(छ) बंगुरलाई स्वस्थ्य र निरोगी राख्नको लागि गरिएको रोकथाम वा उपचारको प्रमाण सुरक्षित राख्नु पर्नेछ।

(ज) बिरामी भएको वा चोटपटक लागेको खण्डमा बीमितले बंगुरलाई समयमा उपचार गर्नु पर्नेछ।

(झ) बंगुरको मृत्यु भएको अवस्थामा बीमितले बीमकलाई तत्काल खबर गर्नु पर्नेछ।

(ञ) फार्ममा रहेको बंगुरको अनुसूची-७ बमोजिम अध्यावधिक विवरण राख्नु पर्नेछ।

(ट) बंगुर पालन गर्दा अन्य पशुसँगै मिसाएर एउटै खोरमा पाल्नु हुदैन।

(ठ)कुनै सङ्क्रामक रोगका कारण समान लक्षण देखा परेको अवस्थामा बीमितले बीमकलाई चौबिस घण्टा भित्र सूचना दिनु पर्नेछ र सूचना प्राप्त भए पछि बीमकले त्यस स्थानमा तत्काल अनुगमनका लागि जिल्ला स्थित सरकारी कार्यालयको प्रतिनिधि वा पशु चिकित्सक मार्फत निरीक्षण गराउनु पर्नेछ र सोको प्रतिवेदन बीमकले सुरक्षित राख्नु पर्नेछ।

परिच्छेद-६

## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको बंगुरको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भएको अड्चालीस (४८) घण्टाभित्र बीमक वा बीमकको प्रतिनिधिले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,
(ख) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँच जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),
(ग) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,
(घ) स्थानीय तहको वडा कार्यालयको पशुपन्छी सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,
(ङ) लगाईएको संकेतपट्टा र सो देखिने गरी बंगुर सहितको फोटो।
(च) यस बीमालेखमा उल्लेख भएको **अनुसूची-७** बमोजिमको अद्यावधिक अभिलेख प्रति।

२६. दावीः (१) बीमितिले दफा २५ बमोजिमका कागजात सहित बीकम समक्ष बीमा दावी गर्नुपर्नेछ ।

(२) बीमकले बंगुरको दावी भुक्तानी गर्दा **अनुसूची-८** बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानी गर्नुपर्नेछ ।

२७. दावी भुक्तानीः (१) दफा २६ बमोजिम दावी परेपछि बीमकले तत्काल बंगुरको क्षतिको बीमा दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको बंगुरको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप **अनुसूची-९** बमोजिमको क्षति मूल्याङ्कन प्रतिवेदनसँगै संलग्न गरेको हुनु पर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैंले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को क्षति मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनकर्ताका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्नसक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी **अनुसूची-९** बमोजिमको क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिनभित्र बीमकले दायित्व यकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारणसहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र भुक्तानी गर्नु पर्नेछ।

(१०) बीमित बंगुरको **अनुसूची-८** बमोजिम दावी भुक्तानी गर्नु पर्नेछ।

(१२) बाँझोपन वा भएमा बीमाङ्क रकमको पैंतीस प्रतिशत रकम भुक्तानी गर्नु पर्नेछ।

(१३) भाले बंगुर प्रजनन अयोग्य भएमा बीमाङ्क रकमको पचास प्रतिशत रकम भुक्तानी गर्नु पर्नेछ।

(१४) प्रजनन अयोग्य भएको अवस्थामा वा बाँझोपन भई निको नहुने अवस्थामा पुगेको बंगुरको पशु चिकित्सक वा प्रजनन विज्ञबाट प्रमाणित गरेको कागजात समावेश गर्नुपर्नेछ।

तर, सम्बन्धित विशेषज्ञ नभएको अवस्थामा प्राविधिकको सिफारिसलाई आधार मान्नु पर्नेछ।

(१५) बीमालेख अन्तर्गत दावी भुक्तानी योग्य रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

## परिच्छेद -७

## <u>विविध</u>

२८. उजुरी गर्न सक्नेः (१) देहायका कुनै अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले बीमितले दिएको दावीको निवेदन दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

२९. अनुसूची हेरफेरः प्राधिकरणको अध्यक्षले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-१**

**(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)**

**बंगुर पालन सामूहिक बीमाको विस्तृत विवरण**

बीमालेख धारक संस्थाको नामः ... ... ...
बीमालेख धारकको ठेगानाः ... ... ...
बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...

| क्र.सं. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको बंगुरको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको प्रतिनिधिको**
हस्ताक्षर :
नामः
पद :
संस्थाको प्यान नं.:
छाप :
मिति :

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बंगुर पालन बीमाको प्रस्ताव फाराम</u>**

(१) प्रस्तावक (व्यक्ति वा संस्था) को नामः.....................................

(२) प्रस्तावकको स्थायी ठेगानाः प्रदेश..................जिल्ला............. पालिका............... वडा नं................
टोलः............. सम्पर्क नं. ........... ईमेलः ...................

(३) फार्मको नामः

(४) फार्मको स्थापना मितिः

(५) फार्मको दर्ता नं (दर्ता भएको हकमा):

(६) प्रस्ताव फारम भरेको मितिः

(७) बंगुर खरिद गरेको स्रोतः

(८) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

| क्र.सं. | जात | | उमेर (वर्ष वा दिन) | रंग | पालन विधि | जम्मा सङ्ख्या | प्रस्तावित बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय | उन्नत नश्लका (क्रसब्रीड वा शुद्ध नश्लका) | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(९) बंगुर पालन गरिएको स्थानको विवरणः
प्रदेश.................. जिल्ला................. पालिका ................. वडा नं......... टोलः........................

(१०) बंगुर कुन प्रयोजनको लागि पालन गरिएको हो, खुलाउनुहोस्। ...........

(११) बंगुर पालन व्यक्तिगत, संस्थागत वा सामूहिक के हो, खुलाउनुहोस्। .............................

(१२) बंगुर सामूहिक भए निम्न विवरण भर्नुहोस्:
समूह वा बीमालेख धारकको नाम ..................... बंगुर पालन गरिएको स्थान ................
ठेगानाः प्रदेश ............. जिल्ला ........... पालिका ......... वडा नं. ....... सम्पर्क नं. .........

(१३) बंगुरहरू स्वस्थ छन् वा छैनन्? यदि छैनन् भने, रोगको विवरण दिनुहोस्। ......................

(१४) बीमा गरिने बंगुरसँगै अन्य पशु पाल्नु भएको छ? यदि छ भने उक्त पशुको विवरण उल्लेख गर्नुहोस्।
................................................

(१५) बंगुरमा कुनै खोप लगाईएको भए सोको विवरणः

| सि.नं. | उमेर | खोपको नाम | रोगको उल्लेख | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(१६) यदि रोग बाहेक अन्य कारणबाट हानी-नोक्सानी भएको थियो भने निम्न विवरण भर्नुहोस्ः-

| वर्ष | क्षतिको कारण | क्षति भएको बंगुरको संख्या |
|---|---|---|
| | | |
| | | |

(१७) यस पूर्व कुनै बीमा कम्पनीमा बीमा गर्नु भएको थियो? यदि थियो भने निम्न विवरणहरू उल्लेख गर्नुहोस् ?

| बीमकको नाम | बीमाङ्क रकम | बीमा गरेको संख्या | दावी गरेको संख्या | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(१८) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त बंगुर पालनमा लगानी गरेको छ? यदि छ भने, उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः-

नाम/ठेगानाः

प्रदेश.............. जिल्ला ................ पालिका ............ वडा नं. ....... टोलः................ सम्पर्क नं. ............. इमेल ................................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकम रु........................ अक्षरेपी (............................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य तथ्य भएको, बंगुर पालन बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु। मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुराको स्वःघोषणा गर्दछु/गर्दछौं।

<u>प्रस्तावकको</u>

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्थाको छापः

प्यान नं. (संस्थाको हकमा)

मितिः

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

**काठमाण्डौ, नेपाल**

**अनुसूची-३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राविधिक जाँच सिफारिसपत्र**

**(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)**

(१) प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) ......................................................

(२) प्रस्तावकको स्थायी ठेगानाः

प्रदेश.................. जिल्ला ................. पालिका................ वडा नं. ....... टोल .....................
सम्पर्क नं...................... ईमेल .......................

(३) फार्मको नामः

(४) फार्मको दर्ता नं.ः

(५) बंगुर खरिद गरिएको स्रोतः

(६) बंगुरको विवरणः

| क्र.सं. | बंगुरको वर्गीकरण | जात | उमेर (वर्ष वा दिन) | तौल | पालन विधि | सङ्केत पट्टा नं | बीमा गरिने प्रस्तावित बंगुरको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

(७) बंगुर पालन गरिएको स्थानको पूर्ण विवरणः

प्रदेश.............. जिल्ला ............... पालिका................ वडा नं. .......टोल......................

(८) बंगुर पालन गरेको खोरको अवस्था कस्तो छ? ठीकै/राम्रो/नराम्रो

(९) बंगुर कुन प्रयोजनको लागि पालिएको हो? ...................................

(१०)बीमा गर्न लागिएको बंगुरलाई संक्रामक रोग विरूद्ध विरुद्धको खोप लगाएको छ वा छैन? यदि छ भने खोपको विवरण उल्लेख गर्नुहोस्।

| क्र.सं. | उमेर | खोपको नाम | रोगहरुको उल्लेख | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(११) बंगुर बीमालेखमा उल्लेखित प्राविधिक व्यवस्था अपनाईएको छ वा छैन? .....................

(१२) विगतमा बंगुर पालनमा कुनै संक्रामक रोग लागेको थियो वा थिएन? यदि थियो भने कहिले कुन रोगबाट क्षति भएको हो उल्लेख गर्नुहोस्।.........................................................

(१३)बंगुरको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरू कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण उल्लेख गर्नुहोस् । ....................................

(१४) उक्त बंगुरको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ? ..............................

यस अनुसूचीमा उल्लिखित बंगुरहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

हस्ताक्षरः

ठेगानाः

मितिः

सम्पर्क नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नंः.

कोड नं./ दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-४**

**(दफा ९ सँग सम्बन्धित)**

**<u>प्राविधकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन</u>**

(१)बंगुर पालन गर्ने बीमित (व्यक्ति वा फार्म) को नामः ...................

(२)बंगुर फार्मको दर्ता नं. (व्यवसायिक फार्मको हकमा मात्र)

(३)बंगुर बीमालेख नं. ............................. बीमा गरिएको अवधि:

(४)बंगुर पालन गरिएको स्थानः

प्रदेश........... जिल्ला ........... पालिका................. वडा नं. ....... टोल .........

(५) बीमा गरिएको बंगुरको संख्याः

(६)बंगुरको उचित स्याहारः

(क) खोरको सरसफाइ गरे वा नगरेको ......

(ख) रोग लागेको वा नलागेको .....

(ग) रोग लागेको भए उपचार गरेको वा नगरेको ......

(घ) रोग लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ......

(ङ) रोग सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको

(७)बंगुरको खोर अवस्था कस्तो छ? .........................

(८)जैविक सुरक्षा सम्बन्धी व्यवस्था कस्तो छ? (व्यवसायिक फार्मको हकमा मात्र)

(क) बाह्य जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए/नभएको ......................

(ख) खोरको गेटमा खुट्टा निसंक्रमण गर्ने तरीका भए/नभएको ...........................

(९) रोग सम्बन्धी विवरणः

(क) निरीक्षणको समयमा शंकास्पद रोगी बंगुरको संख्याः

(ख) स्वाईन फिभर र खोरेत छ वा छैन ............

(ग) रोगी पशुलाई छुट्टयाएर राख्ने व्यवस्था छ वा छैन?

(१०)प्राविधिकले पुनः परीक्षण गर्ने दिनको बंगुर पालनको विस्तृत विवरण ..............................................

(११)बंगुर फार्मको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव। ................

(१२) बंगुर फार्मको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव। ............................

यस अनुसूचीमा उल्लिखित बंगुरहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**<u>प्राविधिकको</u>**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

सम्पर्क नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.:

कोड नं./ दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

.................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-५

(दफा १९ को उपदफा (१), (२) र (३) सँग सम्बन्धित)

**बीमाङ्क निर्धारण तालिका**

(क) **मासु प्रयोजनका लागि बीमा गरिने बंगुरको बीमाङ्क निर्धारण तालिका**

| क्र.सं. | जात | औसत शारिरिक तौल (के. जी) =(क) | प्रति के.जी जिवित बंगुरको मासुको प्रचलित बजार मूल्य (रु.) =(ख) | बीमाङ्क रकम (रु.) = |
|---|---|---|---|---|
| १ | स्थानीय | ३० | ४०० | १२,००० |
| २ | घरपालुवा बंदेल | ४० | ६०० | २४,००० |
| ३ | उन्नत नश्लका (क्रसब्रीड वा शुद्ध नश्ल) | १०० | ३५० | ३५,००० |

नोटः बंगुरको बीमाङ्क निर्धारण गर्दा ८ महिनाको औसत शारिरिक तौललाई आधार मानेर गरिएको हो।

**(ख) प्रजनन् प्रयोजनका लागि पालिएको मूल्य निर्धारण तालिका**

| क्र.सं. | उमेर (वर्ष) | औसत शारिरिक तौल (के. जी) = (क) | प्रति के.जी जिवित बंगुरको मासुको प्रचलित बजार मूल्य(रु.) = ( ख) | बीमाङ्क रकम (रु.) = |
|---|---|---|---|---|
| १ | ३५ दिनदेखि-१ वर्ष | १२० | ३५० | ४२,००० |
| २ | १ वर्षभन्दामाथि २ वर्ष पूरा नभएको | १४० | ३५० | ४९,००० |
| ३ | २ वर्ष भन्दामाथि ४ वर्षसम्म | २०० | ३५० | ७०,००० |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-६**

**(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बंगुर बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका</u>**

| | |
|---|---|
| बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>नागरिकता जारी गरिएको जिल्ला..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्रको किसिम तथा नम्बर....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br>व्यक्ति/संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः........ जिल्ला ......... पालिका..........वडा नं ............ टोल........... सम्पर्क नं. .............<br>ईमेल ...................... | बीमालेख नं.<br>अभिकर्ताको नामः<br>अभिकर्ता ईजाजतपत्र नंः.<br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br>प्राविधिकको कोड नंः.<br>बीमालेख जारी मितिः<br>बीमालेख जारी समयः<br>बीमालेख जारी स्थानः<br>नगदी बीजक जारी मिति तथा समयः<br>नगदी बीजक नंः.<br>बीमाङ्क रकम रुः |
| (खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>बंगुरको कुल संख्या ....................<br>बंगुरको उमेर.............................<br>बंगुरको जातः.............................<br>पाठा-पाठीको संख्याः<br>बीमा प्रारम्भ मितिः ......................<br>बीमा समाप्ति मितिः......................<br>बीमा अवधिः .................. | |
| बंगुरको खोर रहेको स्थानः<br>प्रदेशः........ जिल्ला ......... पालिका..........वडा नं ............ टोल........... | **<u>बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा</u>**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकमः<br>ऋणको अवधिः |

<table>
<tr><td rowspan="3">इच्छाईएको व्यक्तिको<br>नाम, थरः<br>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः<br>इच्छाईएको व्यक्तिको बाबुको नामः<br>इच्छाईएको व्यक्तिको आमाको नामः<br>सम्पर्क नं. ................ ईमेल.........................</td><td colspan="6">बंगुरको बीमा गणना तालिका</td></tr>
<tr><td>बंगुरको संख्या</td><td>बीमाङ्क रकम</td><td>बीमाशुल्क</td><td colspan="3">जम्मा बीमाशुल्क</td></tr>
<tr><td></td><td></td><td>बीमाङ्कको ५ प्रतिशत</td><td colspan="3">रु. "क"</td></tr>
<tr><td rowspan="7"></td><td colspan="3">कुल जम्मा बीमाशुल्क (क)</td><td colspan="3">रु."ख "</td></tr>
<tr><td colspan="3">प्रत्यक्ष छुट (प्रतिशत)</td><td colspan="3">(ख को.......%) = रु."ग"</td></tr>
<tr><td colspan="3">छुट पछिको बीमाशुल्क</td><td colspan="3">प्रत्यक्ष छुट भएमा ("ख"-"ग")= रु."घ"<br>छुट नभएको हकमा (ग-०)</td></tr>
<tr><td colspan="3">नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम</td><td colspan="3">अनुदान बापत (घ×... %) = रु."ङ"</td></tr>
<tr><td colspan="3"></td><td colspan="3">बीमितले तिर्ने (घ-ङ) = रु."च"</td></tr>
<tr><td colspan="3">बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क</td><td>बीमीतको संख्या "अ"</td><td>बीमाशुल्क (रु.२००) "आ"</td><td>अ × आ .... रु."छ"</td></tr>
<tr><td colspan="3">बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क</td><td colspan="3">च+ छ = रु."ज"</td></tr>
</table>

**बीमालेख स्वीकृत गर्नेको**

हस्ताक्षरः

नामः

पदः

मितिः

कम्पनीको छापः

**नोटः** कुल बंगुरको संख्या, कुल बीमाङ्क रकम र कुल बीमाशुल्क संलग्न बीमित बंगुरको विवरण तालिकामा उल्लेख भए बमोजिम कायम गरिएको हो।

**बंगुरको विवरण तालिका**

| क्र.श. | जात | उमेर(दिनमा) | रंग | संख्या | सङ्केतपट्टा नं. | बीमाङ्क रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

बंगुर धनीको नामः

हस्ताक्षरः
मितिः

................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-७

(दफा २३ उपदफा (झ) सँग सम्बन्धित)

**बंगुरको अध्याबधिक अभिलेख तालिका**

**फार्ममा रहेका बंगुरको विवरण**

| क्र.सं. | जात | माउ | बीर | पाठा-पाठी | छतौरा/छतौरी | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

................इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमाण्डौ, नेपाल
अनुसूची-८
(दफा २६ र दफा २७ को उपदफा (१०) सँग सम्बन्धित)
दावी भुक्तानी तालिका

(क) मासु प्रयोजनका लागि पालिने बंगुरको दावी भुक्तानी तालिका

| क्र.श. | उमेर (दिन) | क्षति प्रतिशत (बीमाङ्क रकमको) |
|---|---|---|
| १ | ३५-१०० | ५५ |
| २ | १०१ -१६६ | ७५ |
| ३ | १६७-२४० | १०० |

(ख) प्रजनन् प्रयोजनका लागि पालिने बंगुरको पहिलो वर्ष देखि चार वर्षसम्मको दावी भुक्तानी तालिका

| उमेर (वर्ष) | क्षति प्रतिशत (बीमाङ्क रकमको) |
|---|---|
| ३५-९५ | ३० |
| ९६-१५५ | ४५ |
| १५६-२१५ | ६० |
| २१६-२७५ | ९५ |
| २७६-३६६ | १०० |
| १ वर्षदेखि- २ वर्षसम्म | १०० |
| २ वर्षदेखि-४ वर्षसम्म | १०० |

**................ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-९**

(दफा २७ को उपदफा (४ र ७) सँग सम्बन्धित)

**<u>बीमा क्षति मूल्याङ्कनकर्ताको प्रतिवेदन</u>**

(१) क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः............................................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. र मिति ..............
क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः............................................
प्यान नं. .................... कोड नं. .............. सम्पर्क नं. ............ ईमेल ........................

(२) <u>क्षति मूल्याङ्कन गर्ने स्थानको पूरा ठेगानाः</u>
प्रदेशः....................जिल्ला................पालिका .............. वडा नं............. टोलः..............
सम्पर्क नं. ................इमेल ठेगाना .....................................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः................................
क्षति मूल्याङ्कनका लागि लागेको अवधिः...............................
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ......................

(३) <u>दावी कर्ताको विवरणः</u>
बीमा दावी कर्ताको नामः .............................. ठेगानाः ................................
बीमालेख नं......................................
क्षति भएको बीमाको किसिमः आंशिक .............. पूर्णः.............

(४) <u>क्षति सम्बन्धी विवरणः</u>
क्षति भएको मितिः ............................. क्षति भएको समयः ..............................

(५) <u>क्षति हुनुको कारणः</u>......

(६) <u>क्षति मूल्याङ्कनको विवरणः</u> ................................................

(७) <u>बंगुरको संख्या क्षति भएको आधारमा मूल्याङ्कन</u>
बंगुरको जात .............. जम्मा बंगुरको संख्या ............. क्षति भएको बंगुरको संख्या.............
क्षति प्रतिशतः ...................प्रति बंगुरको मूल्य रु. ................ कुल क्षति मूल्य रू.................
अधिक कट्टा गरी बाँकी मूल्यः..................

(८) फोटो संख्या (कम्तीमा पाँच वटा) ..............................

(९) कम्तीम एक मिनेटको भिडियो क्लिप .............................

(१०) <u>क्षतिको मात्रा निर्धारण</u>ः कुल क्षति प्रतिशतः ........... कुल क्षति रकमः..................

माथि उल्लिखित बंगुरमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन्। सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु। यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला।

**<u>क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छापः-</u>**

| दाँया | बाँया |
|---|---|
| | |

नामः
सम्पर्क नं.:
कोड नं.:
दर्ता नं./ इजाजतपत्र नं.:
प्यान नं.:
हस्ताक्षरः

**संस्थाको हकमा**

कार्यालयको छापः
मिति..........................